का.जि.प्र.का.द.नं. १००/०५९/६०

९ वैशाख २०८०,
शनिबार
22 April 2023,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २१, अंक ८६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



**दयनीय विकास खर्च**

# फेरि पनि असारे विकासको भर

पूँजीगत बजेटमा सुधार हुननसक्नु भनेकै विकासमा बाधा पुग्नु हो, सरकारको उदासीनता, भ्रष्ट मानसिकता भएका प्रशासक, प्राविधिक र निर्माण व्यवसायीलाई असारमा खर्च गर्नु बढी फाइदाजनक भएकाले यो प्रवृति दोहोरिरहेको छ, यो अत्यन्तै दुखद छ ।

● डा. चन्द्रमणि अधिकारी
अर्थविद्

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ८ वैशाख ।

हरेक वर्षहरुमा जस्तै यो वर्षपनि विकासे खर्चको अवस्था दयनीय देखिएको छ । समयमै विकास खर्च सम्पन्न गर्न जेठ १५ मा बजेट ल्याउने संवैधानिक प्रावधान भएपनि असारको अन्तिमसम्मबजेट सक्ने प्रवृत्ति रोकिएको छैन ।

अझ बजेट सक्न रकमान्तर र थप निकासाको सहायता लिने प्रवृत्तिले बजेट अनुशासनमा समेत प्रश्न उठ्दै आएको छ । चालु आर्थिक वर्ष २०७८/०७९ सकिन >>> पृष्ठ २ मा

## सर्पले टोकेको अवस्थामा ध्यान दिनुपर्ने कुराहरु

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड







# कीर्तिमानले भरिएको जित

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ८ वैशाख ।

उच्च लयमा रहेको नेपाली क्रिकेट टीमले घरेलु मैदान कीर्तिपुरमा शुक्रबार अनेक कीर्तिमान रचेको छ । एसीसी प्रिमियर लिगको जारी खेलमा ओमानविरुद्ध टस हारेर पहिले ब्याटिङ गरेको नेपालले खराब शुरुवात गरेको थियो । ३.४ ओभरमा असिफ शेख आउट हुँदा नेपालको दोस्रो विकेट गुमेको थियो, तर त्यसबेलासम्म नेपाल शून्य रनमै थियो ।

तर ओपनर शेख र कुशल भुर्तेल शून्यमै आउट हुँदा भीम सार्की र कप्तान रोहित पौडेल क्रिजमा थिए । उनीहरुले नेपालको रनलाई सम्हाले । तर १७.१ ओभरमा ५४ रन पुग्दा कप्तान पौडेल पनि आउट भए । लगत्तै सार्की पनि आउट भए ।

यसपछि आरिफ शेख र कुशल मल्लले क्रिज मात्रै सम्हालेनन् । नेपालको स्कोर उच्च बनाए । मल्लले १० छक्का र ९ चौकासहित आफ्नो लागि पहिलो शतक बनाए । एउटै इनिङस्मा धेरै छक्का प्रहार गर्ने मल्ल पहिलो खेलाडी र ओडीआईमा शतक गर्ने चौथो खेलाडी बने । ८ विकेट गुमाएर पुरा ओभर खेल्दा नेपालले ३१० रनको कीर्तिमानी इनिङ्स बनाए । यसअघि नेपालले २९७ भन्दा धेरै रन जोड्न सकेको थिएन ।

कीर्तिमानी इनिङ्सका लागि अलराउण्डर सोमपाल कामीले पनि आक्रमक ब्याटिङ गरे । ६४ रनमा मल्लले १०८ रन बनाएर आउट भएपछि कामीले ४८ बलमा ९ चौकासहित ६३ रन बनाए । जवाफी ब्याटिङमा उत्रिएको ओमानले भने ४६.३ ओभर खेल्दै २२६ रन मात्रै बनायो । यसरी नेपालले ८४ रनले जित निकाल्दा सन्दीप लामिछानेले विश्व कीर्तिमान बनाए । लामिछानेले ४२ इनिङ्समा सय विकेट पुरा गरे । लामिछानेले अफगानिस्तानका रसिद खानले ४४ इनिङसमा सय विकेट बनाएको कीर्तिमान तोडेका थिए । लामिछानेले शुक्रबार ३ विकेट लिएका थिए ।

जारी कपमा नेपालको यो दोस्रो जित हो । केही समय अगाडि मात्रै १२ खेलमा ११ जित निकाल्दै नेपालले ओडीआई जोगाउँदै विश्वकप छनोटमा स्थान बनाएको थियो । त्यो सनसनीपूर्ण प्रदर्शनपछि नेपाल जारी कप जितेर एसिया कप खेल्ने लक्ष्यमा छ ।

> *कीर्तिपुरमा जारी प्रिमियर कपमा नेपालले ओमानविरुद्ध सानदार जित निकाल्ने क्रममा अनेक कीर्तिमान बन्यो । सन्दीप लामिछाने थोरै खेलमा सय विकेट पूरा गर्ने विश्वकै पहिलो बलर बन्दा युवा अलराउण्डर कुशल मल्लले पहिलो शतक बनाए ।*

**वैदेशिक रोजगार विशेष**

# कतार पुलिसमा पठाउने भन्दै ६३ लाख ठग्ने पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ वैशाख

कतार पुलिसमा भर्ना गराई आकर्षक तलबसहितको जागिरको प्रलोभन देखाएर १८ जना व्यक्तिहरूबाट ६३ लाख रुपैयाँ ठगी गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । सप्तरीको कञ्चनपुर गाउँपालिका वडा नं. ४ घर भई हाल काठमाडौंको टोखा बस्ने ४१ वर्षीय पूर्णकुमार दाहाललाई १८ व्यक्तिबाट ६३ लाख रुपैयाँ ठगी गरेको अभियेगमा पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

राम्रो कमाई हुने भएकाले एक जनाको खर्च सात लाख रुपैयाँ लाग्ने बताएर चन्द्रकुमार खत्रीलगायतका युवाहरूबाट उक्त रकम लिई सम्पर्कविहीन भएपछि पीडितहरूले वैदेशिक रोजगार विभागमा ठगिएको रकम असुलउपर गरी दोषीलाई कारबाहीको माग गर्दै जाहेरी दिएका थिए । विभागले दाहाललाई पक्राउ गर्न पुर्जी जारी गरी काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयलाई पत्राचार गरेपछि कार्यालयबाट खटिएको प्रहरी टोलीले बिहीबार दाहाललाई झापाको भद्रपुरबाट पक्राउ गरेको हो । उनलाई वैदेशिक रोजगार ऐनअनुसार मुद्दा चलाउन वैदेशिक रोजगार न्यायाधिकरणबाट म्याद थप गरी थप अनुसन्धान गरिरहेको विभागले जनाएको छ ।

विश्वकप फुटबल आयोजना हुनु अघि कतार पुलिसमा नेपालीको माग रहेको थाये । तर हाल माग नभएपनि पुरानो मागका आधारमा रकम ठगिएको पाइएको अनुसन्धानमा संलग्न विभाग श्रोतले बतायो ।

वैदेशिक रोजगार ऐनको दफा १० ले अनुमति नलिई वैदेशिक रोजगारमा पठाउन प्रतिबन्ध लगाएको छ भने ऐनको दफा ४३ ले अनुमति नलिई वैदेशिक रोजगारमा पठाउने काम गरेमा पीडितलाई बिगो र त्यसको ५० प्रतिशत हर्जना असुल गराई दोषीलाई ७ वर्षसम्म कैद गर्ने व्यवस्था गरेको छ ।

विभागले आकर्षक वैदेशिक रोजगारीको नाममा शैक्षिक कन्सल्ट्यान्सीबाट ठगीको धन्दा व्यापकरूपमा बढेको बताउँदै सचेत हुन पटक-पटक आग्रह गर्दै >>> पृष्ठ २ मा

# संसद अधिवेशन अन्त्यको तयारी

**विकास लम्साल/मध्यान्ह**
काठमाडौं, ८ वैशाख ।



सरकारले संघीय संसदको चालू अधिवेशन अन्त्यको तयारी गरेको छ । २५ पुसबाट सुरु भएको अधिवेशन यही वैशाख १५ गतेसम्म चलाउने र त्यसपछि अन्त्य गर्ने तयारी सरकारले गरेको हो ।

प्रमुख सत्ता साझेदार दल नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखकका अनुसार संसदीय बिषयगत समितिमा वैशाख १५ गतेसम्म भागबण्डा मिलाउने प्रयास हुनेछ । प्रतिनिधिसभा अन्तर्गतको बिषयगत समितिको नेतृत्वका बिषयमा दलहरुले आन्तरिक छलफललाई तीव्रता दिएपनि समिति सभापतिको विषयमा दलहरु विभाजित छन् ।

सत्तागठबन्धनभित्र एमालेलाई लेखा समितिको सभापति मात्रै दिएर बाँकी समितिमा भागवण्डा गर्ने तयारी भइरहेको छ भने एमालेले अन्य समितिमा पनि दलीय हैसियत हेरेर सभापति पाउनुपर्ने दाबी गरेको छ । कांग्रेसका मुख्य सचेतक रमेश लेखकले प्रतिपक्षी दल एमालेलाई एउटामात्रै संसदीय समितिको सभापति दिन सकिने बताउँछन् । लेखकले लेखा समिति प्रतिपक्षी दललाई दिने अभ्यास रहेको भन्दै अन्य समितिको सभापति एमालेलाई दिन नसकिने बताएका हुन् ।

१० वटा बिषयगत समितिमा ठूलो दलको हैसियतले कांग्रेसका सांसदहरुको संख्या धेरै हुने उनको भनाई छ । लेखकले समिति सभापति कसले लिने भन्ने बिषयमा सत्तापक्षबीच छलफल हुन बाँकी रहेको बताएका छन् । उनले समितिहरुलाई पूर्णता दिएर संसदको चालू अधिवेशन अन्त्य हुने पनि बताएका छन् । >>> पृष्ठ २ मा



# सिंहदरबारको फोहोर तीन दिनभित्र उठाउन सर्वोच्चको आदेश




**काठमाडौं / मस-** सिंहदरवार, राष्ट्रपतिको कार्यालय र प्रधानमन्त्रीको आवास क्षेत्रको फोहोर तीन दिनभित्र उठाइसक्न सर्वोच्च अदालतले काठमाडौं महानगरपालिकालाई आदेश दिएको छ ।

सर्वोच्चका न्यायाधिश प्रकाशमान सिंह राउतको एकल इजलाशले अन्तरिम आदेश जारी गर्दै महानगरपालिकालाई फोहोर उठाउन आदेश दिएको हो ।

'संवैधानिक र कानुनी व्यवस्थाअनुसार फोहोर सङ्कलन गरी विसर्जन गर्नुपर्ने दायित्व स्थानीय तहलाई सुम्पेको देखिँदा स्थानीय तहको हैसियतमा सो दायित्व काठमाडौं महानगरपालिकाको देखिन आयो', सर्वोच्चको आदेशमा भनिएको छ, 'तसर्थ रिट निवेदकले उल्लेख गरेको स्थानको फोहोर यो आदेश प्राप्त भएको मितिले तीन दिनभित्र संकलन गरी उठाइ विसर्जनसमेत अबिलम्ब गर्नु गराउनु भनी काठमाडौं महानगरपालिकाको नाउँमा अन्तरिम आदेश जारी गरिएको छ ।'

काठमाडौं महानगरपालिकाले गत चैत २४ गतेदेखि यी स्थानमा फोहोर उठाउन छोडेको थियो । महानगरपालिकाको उक्त कदम पछि अधिवक्ता पदमबहादुर श्रेष्ठले दायर गर्नुभएको रिटमा आज सुनुवाई गर्दै सर्वोच्चले यस्तो आदेश दिएको हो ।

काठमाडौंको फोहोर विसर्जन गरिने ल्यान्डफिल साइट अरु स्थानीय तहअन्तर्गत पर्ने हुँदा त्यहाँका बासिन्दा, स्थानीय तह, र सरोकारवालासँग आवस्यक समन्वय गर्नका लागि पनि सर्वोच्चले सरकारको ध्यानाकर्षण गरेको छ ।

# पत्रकारमाथि स्थानीय व्यापारीले गरे अभद्र व्यवहार

**राजेन्द्र महतो / मध्यान्ह**
सिरहा, ८ वैशाख



चोरी पैठारीको समाचार लेखेको भन्दै म्याजिक गाडीका साहु गिरिजा भनिने स्थानीय व्यापारीले पत्रकारहरुलाई गालीगलौज गर्दै अभद्र व्यवहार गरेको छन् । नव जागृति साप्ताहिकका पत्रकार बद्रीनारायण यादव र मिथिला रत्न दैनिकका प्रकाशक सम्पादक तथा नेपाल पत्रकार महासंघ शाखा सिरहाका सचिव शिवदयाल यादवमाथि तस्करको समाचार लेखेको निहुँमा गालीगलौज गर्दै अभद्र व्यवहार गरेका हुन् ।

ज १ ज ३१५ नम्बरको म्याजिक गाडी सिरहा चोहर्वा सडक भएर जानुको सट्टा सहायक बाटो प्रयोग गर्दै मिर्चैया पुगेपछि प्रहरीले शंका गरेर चेकजाँच गरेको थियो । त्यही चेकजाँचको समाचार संकलन गर्न पुगेका पत्रकारमाथी स्थानीय व्यापारीले अभद्र गरेका थिए ।

मोहन यादव भन्ने व्यापारीले ४/५ जना युवाको साथमा धम्कीपूर्ण भाषा प्रयोग गर्दै पत्रकारहरुलाई गाडीको फोटो खिच्न र समाचार लेख्न रोक लगाएका थिए । 'तैंले नै म्याजिक रोकाउने र त्यसको समाचार लेख्ने काम गरेछस्, तलाई नै तह लगाउनु पर्छ, गिरिजाको भनाइलाई उद्धृत गर्दै पत्रकार यादवले भने, गिरिजाले गाली गर्दै मोहनको इसारामा शिवदयाल यादव माथि गिरिजाले हातपात गरेका थिए ।'

तस्करीकै सामानहरु भएको कारण उनीहरुले बाइपासको सडक प्रयोग गरेर सुरक्षाकर्मीलाई छल्ने काम गरेको कारण त्यसको समाचार संकलन गर्न गएको पत्रकार शिवलाल यादवले बताए । 'कानूनविपरितको कागजात बताएर प्रतिबन्धित पदार्थ लुकाएर लादैं गरेका थिए' उनले प्रश्न गर्दै भने 'सामान्य वस्तु थियो भने बल मिचाई, धम्कीको भाषा प्रयोग र बाइपास सडकको प्रयोग किन गरेको ?' दुई दिनअघि पनि ३१५ नम्बरकै सोही म्याजिकबाट १५ बोरा अवैध मैदा प्रहरीले नियन्त्रणमा लिएको थियो ।

# सिद्धार्थमा 'फ्रम भक्तपुर टु कान्तिपुर'

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ वैशाख

भक्तपुरका विविध पक्षहरुलाई समेटेर कलाकारले तयार पारेका तथा अन्य समसामयिक कलाको प्रदर्शनी बुधबारबाट बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरीमा शुरु भएको छ । कलाकार पूर्ण ह्योजुले अहिलेको समयमा कलाकारको केही आर्थिक क्रियाकलाप पनि होस् भनेर प्रदर्शनी गरिएको बताए । उनले भने, 'भक्तपुरका परम्परागत तथा समसामयिक कलाकारलाई एकै ठाउँमा उभ्याएर परिचित गराउन पनि यस कार्यक्रम महत्वपूर्ण छ ।'

कलाकार सुन्दर सिंख्वालले कोरोना महामारीको लकडाउन तथा विश्वव्यापी आर्थिक मन्दीको बाबजुत यस प्रदर्शनी महत्वपूर्ण रहेको बताए । उनले भने, 'लोकल बजारमा आर्ट प्रमोट गर्नको लागि यो प्रदर्शनी महत्वपूर्ण छ । त्यस्तै, हाम्रो आफ्नो शैली, कला छ भनेर बुझाउन गाह्रो भएको बेला सबैलाई बुझाउन जरुरी छ भन्ने लागेर यस प्रदर्शनी गरेका हौं ।'

उद्घाटनको दिन नै झण्डै २० लाखको कलाकृति बिक्री भएपछि कलाकार हौसिएको बताउँदै उनले यस प्रदर्शनीमा भक्तपुरका झण्डै ८० प्रतिशत कलाकारलाई समेटिएको बताए । उनका अनुसार प्रदर्शनीमा ४८ हजारदेखि ८ लाख ७५ हजार मूल्यसम्मका कलाकृति राखिएका छन् । कलाकार अशुराम खाइजुले सिनियरदेखि जुनियरसम्मका कलाकार एकै ठाउँमा आउनु नै यस प्रदर्शनीको महत्वपूर्ण पाटो भएको बताए । 'प्रदर्शनीमार्फत आफ्नो परम्परा के रहेछ भनेर चिन्न, विदेशी अतिक्रमणबारे बुझ्न सकिन्छ', उनले भने । कलाकार रजनी सिंख्वालले आर्टिस्ट, आर्ट कलेक्टर तथा पुराना र आफ्ना समकालीन कलाकारबीच भेट गराउन पनि यस्ता प्रदर्शनी सहयोगी हुने बताइन् । उनले भनिन्, 'आर्ट सोसाइटीसँगै आफ्नो ग्रोथ एन्ड डेभलपमेन्टका लागि पनि यस्ता कार्यक्रम महत्वपूर्ण छ ।' यस क्षेत्रमा महिलाको सहभागिताबारे उनले भनिन्, 'सिक्ने बेला महिलाहरु धेरै हुन्छन् । बीचमा घर र काम पनि सम्हाल्नु पर्ने तथा समय धेरै दिनुपर्ने हुँदा इन्ट्रेस्टेड् भएर पनि कन्टिन्यु गर्न गाह्रो भएको देखिन्छ ।' 'फ्रम भक्तपुर टु कान्तिपुर' नाम दिइएको यस प्रदर्शनीमा परम्परागत कलाका ५० सहित समसामयिक कलाका कलाकृति पनि राखिएका छन् ।

# आगलागी प्रभावितलाई राहत

**पवन जायसवाल / मध्यान्ह**
नेपालगन्ज, ८ वैशाख

बाँकेको जानकी र नरैनापुर गाउँपालिकाका आगलागी प्रभावित परिवारलाई स्थानीय तह र नेपाल रेडक्रसले १ लाख ५० हजार बराबरको गैरखाद्य राहत सामग्री वितरण गरेको छ । आगो नियन्त्रणमा आए पश्चात स्थानीय तह, नेपाल प्रहरी र नेपाल रेडक्रस सोसाइटी जानकी र गंगापुर उप-शाखाका तालिम प्राप्त स्वयंसेवक परिचालन भइ स्थलगत सर्वेक्षण गरी स्थानीय तहबाट खाद्य (दाल, चामल, नुन, तेल र तयारी खाना) सामग्री र रेडक्रसबाट गैरखाद्य राहत सामग्री वितरण गरिएको उपशाखाले जनाएको छ ।

गत हप्ता जानकी गाउँपालिका ५ मा आगलागी हुँदा ८ घरपरिवार, राप्तीसोनारी गाउँपालिकामा १ र वैशाख ४ र ६ गते नरैनापुरमा आगलागी हुँदा ११ परिवारलाई प्रति परिवार त्रिपाल १, कम्बल २, कपडा सेट, भाडा सेट र हाइजीन किट गरी २० सेट रु. १ लाख ५० हजार बराबरको गैरखाद्य राहत सामग्री वितरण गरिएको हो ।

राहत सामग्री वितरण गर्दै नरैनापुर गाउँपालिका अध्यक्ष इस्तियाक अहमद शाहले रेडक्रसको सहयोग उल्लेखनीय रहेको प्रशंसा गर्दै विपद्बाट प्रभावितलाई तत्काल पालिकाबाट खाद्य बस्तु र रेडक्रसबाट गैर खाद्य राहत सामग्री वितरण गरिएको बताए । नरैनापुर गाउँपालिकाको ३ वटा टोलमा एकै दिन वैशाख ६ गते फरक-फरक समय आगलागी हुँदा १० घरघुरी जलेर खरानी भएको थियो । नरैनापुर गाउँपालिकामा दमकल उपलब्ध रहेकोले आगो नियन्त्रण गर्न सहज भएको स्थानीयले बताएका छन् ।

नेपाल रेडक्रस सोसाइटी बाँके शाखाका प्रसलाद विश्वकर्माले आगलागीको मुख्य कारण लापरवाही भएको बताए ।

# गौर आसपासका क्षेत्रमा तस्करी बढ्दो

**सत्येन्द्र प्रताप सिंह / मध्यान्ह**
रौतहट ८, वैशाख



रौतहट सदरमुकाम गौर आसपासको नाकाबाट खुलेआम तस्करी हुने गरेको पाइएको छ । बस पार्क भई उक्त नाकामा व्यापक तस्करी हुने गरेको खुलेको हो । भारतको बैरगनियाबाट तस्करीका सामानहरु गौरको बस पार्क भई जिल्लाको उत्तरी भेगसम्म पुऱ्याउने गरिएको पाइएको छ ।

बुधबार दिउँसो भारतको बैरगनियाबाट बिना भन्सारको टांगामा करिब ३० हजार मूल्य बराबरको कपडा तस्कर सन्तोषी देवीले बस पार्कमा भित्र्याइ रहेको बेला फेला परे । एक सञ्चारकर्मीले सो तस्करीका कपडा बरामद गरी प्रहरी जवान मोतीलाल साह समक्ष बुझाएका थिए । तर हालसम्म तस्करीका कपडा कहाँ छ ?, भन्ने खुलेको छैन । जिल्ला प्रहरी कार्यालय गौरमा पनि उक्त कपडा बुझाइएको छैन । उक्त कपडा कहाँ गायव छ भन्ने एकिन हुन सकेको छैन । बसपार्कका प्रहरी सहायक निरीक्षक सञ्जय कुर्मी बिदामा बसेका छन् ।

सोही मौका छोपी प्रहरी हवल्दार जितेन्द्र महतोले चिनी, कस्मेटिक, खाने तेल, चुरा, कपडा, पेन्ट, मैदा, भुजिया, लगायत अन्य भारतीय सामानहरुको महिनावारी तोकी दिनहुँ तस्करी गराउने गरेको आरोप लागेको छ । नाम नखुलाउने सर्तमा एक स्थानीयले हवल्दार महतोले महिनावारी नै तोकेर तस्करीलाई सहयोग गर्दै आएको बताए ।

## दयनीय...

करिब ३ महिना पनि बाँकी नरहँदा विकास खर्च २४.१२ प्रतिशतको हाराहारीमा मात्रै रहेको महालेखा नियन्त्रक कार्यालयको तथ्यांकले देखाउँछ । सरकारले अहिले ९१ अर्ब १७ करोड रुपैयाँ मात्र खर्च गर्न सकेको छ । अब, बाँकी रकम असारको अन्तिमसम्ममा धमाधम सक्ने तयारीमा सरकार देखिन्छ ।

'पूँजीगत बजेटमा सुधार हुननसक्नु भनेकै विकासमा वाधा पुग्नु हो, सरकारको उदासीनता, भ्रष्ट मानसिकता भएका प्रशासक, प्राविधिक र निर्माण व्यवसायीलाई असारमा खर्च गर्नु बढी फाइदाजनक भएकाले यो प्रवृत्ति दोहोरिरहेको छ, यो अत्यन्तै दुखद छ' अर्थविद् डा. चन्द्रमणि अधिकारीले भने । उनले बजेट कार्यान्वयन सम्बन्धमा उपलब्ध गराएका निर्देशिका बमोजिम बजेट कार्यान्वयन गर्ने निकायबाट पालना नहुँदा र राष्ट्रिय गौरवका आयोजनाले अपेक्षित गति नलिदाँ समस्या भएको बताएका हुन् ।

पछिल्लो ५ वर्षको तथ्यांक अनुसार पुंजीगत बजेटको औसतः ४० प्रतिशत बजेट असारमा मात्र खर्च हुने गरेको छ । आर्थिक वर्ष २०७२/७३ मा असारमा ४९ प्रतिशत बजेट खर्च भएको थियो भने आव २०७३/७४ मा असारमा ४१ प्रतिशत पुँजीगत खर्च असारमा भएको थियो । त्यस्तै, आव २०७४/७५ मा असारमा ३९ प्रतिशत पुँजीगत बजेट खर्च भएको तथ्यांक देखिन्छ भने आ.व. २०७५/७६ मा ३६ प्रतिशत पुँजीगत बजेट असारमा खर्च भएको छ । आव २०७६/७७ मा ३४.३३ प्रतिशत पुँजीगत खर्च असारमा भएको देखिन्छ । सोही तथ्यांकले पनि प्रष्ट हुन्छ कि, हरेक वर्ष सरकारी निकाय पूँजीगत खर्च बढाउनेतर्फ केन्द्रित नै छैन । बरु, राष्ट्रिय गौरवका आयोजनामा स्रोतको दुरुपयोग गर्ने अनि स्रोतकै अभाव देखाउने र आयोजना पूरा गर्दाभन्दा लम्ब्याएर फाईदा लिने प्रवृत्ति घट्नै सकेको छैन । त्यति मात्रै होईन, विकासे खर्च बढाउन सरकारले ल्याएको परियोजना बैंक पनि प्रभावकारी बन्न सकेन । बरु, परियोजना बैंकको नाममा पूर्वतयारी सकिएका आयोजनाहरुलाई वार्षिक नीति तथा कार्यक्रम तथा बजेटमा समावेश गर्ने र अवधारणा विपरीत आयोजना कार्यान्वयन गर्ने प्रतिस्पर्धा बढेको छ । विकास खर्च बढाएर अर्थतन्त्रलाई सकारात्मक काममा प्रयोग गर्नुको सट्टा हरेक सरकारले यसको दुरुपयोग गर्दै आएका छन् । तसर्थ, पनि देशको अर्थतन्त्र धराशायी बनेको टिप्पणी चुलिन थालेको छ ।

## कतार...

आएपनि योजनाबद्ध ठगीका घटना सार्वजनिक भइरहेका छन् । वैदेशिक रोजगारीमा जानुपूर्व श्रम स्वीकृति लिनुपर्ने अनिवार्य गरिएको भन्दै विभागले बिना श्रम स्वीकृति वैदेशिक रोजगारीका लागि नजानपनि सचेत गराएको छ ।

शैक्षिक कन्सल्ट्यान्सीहरूले वैदेशिक रोजगारीका लागि जापान, युरोपेली मुलुकहरू, अमेरिका र क्यानडा पठाइदिने भन्दै तेस्रो व्यक्ति खडा गरेर लाखौं रुपैयाँ ठगी गरेको उजुरी आउने गरेको पनि विभागले जनाएको छ ।

## संसद...

तर, नेकपा एमाले सांसद संख्याका आधारमा समिति सभापतिको नेतृत्व तय हुनुपर्ने बताउँछ । एमाले सचेतक महेश बर्तौला लेखा समिति प्रतिपक्षीले पाउने भए पनि बाँकी रहेका ९ वटा बिषयगत समितिका सभापति चयन गर्दा संसदमा दलीय हैसियतलाई ख्याल गर्नुपर्ने बताउँछन् । उनले एमाले सदनमा दोस्रो ठूलो शक्ति भएकाले एमालेलाई त्यही अनुसार सम्मानजनक हैसियत प्रदान गर्नुपर्ने बताए । कमाओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डे सहमतिकै संसदीय विषयगत समितिको सभापतिको विषय टुंगो लाग्ने बताउँछन् । संसदीय सुनुवाई समिति लगायत संयुक्त समितिमा संख्याको बिषय टुंगिन बाँकी रहेकाले संसद अधिवेशन केही लामो समय चलेको नेताहरु बताउँछन् । विषगत समितिको टुंगो लगाएर अधिवेशन अन्त्य गर्ने सरकारको तयारी छ ।

प्रतिनिधिसभाको बैठक यही वैशाख १२ गतेका लागि बोलाइएको छ । त्यसपछि अर्को एउटा बैठक राख्ने र संसदीय समिति गठनको विषय टुंगो लगाउने दलहरुको सरकार र सत्तारुढ दलहरुको तयारी छ ।

**VACANCY ANNOUNCEMENT**

A fair and reasonable foreign recruitment organization having 20 years of expertise is requesting interested candidates to submit their application for the position.

OFFICE SECRATARY: 1 (Female)

**Requirement:**
- With Bachelor degree having knowledge of Basic Computer skill
- Experienced in recruitment industry will be preferred.
- Have a good communication skill in English Language
- Will be responsible and Honesty of Office Secratary position and Handling the office

**Salary: Negotiable**

Nepal Govt. Licensed No. 387/059/60 | Saudi I.D. No. 052
**PARADESHI OVERSEAS SERVICES PVT. LTD**
Specialize in Human Resources Recruitment and Plcacements
Chandol, Gitanjali Marg-4, Kathmandu, Nepal
Contact No.: 00977-1-4418252
Fax No. : 00977-1-4480765
E-mail: paradeshiservices@gmail.com
Website : www.paradeshioverseas.com

**मलेसियामा रोजगार** | कम्पनी : FONG YONG MARKETING SDN BHD
शहरः KEPONG

पुर्व स्वीकृत मितिः २०८०/०१/०८ चलानी नं.: ६०२००५६४ L.T. No.: 285216

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 15 | 0 | स. काममा दक्ष | 1500 | ४४,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख १७ गते (30 April 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्ने विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

Fair Connect Resource Pvt. Ltd.
श्रम ईजाजत नं.: १२७९/०७४/०७५
Basundhara-3, Kathmandu Nepal, Tel :- 00977-1-5905737
Email :- agencyfcr@gmail.com

**साइप्रसमा रोजगार** | १. कम्पनी : Georgios Kontogiannis Private Employment & Immigration Services

पूर्व स्वीकृत मितिः २०८०/०१/०७ चलानी नं.: ६०२००५७७ LT. No.: 284776 शहरः Cyprus

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer Agiculture Farm | 7 | 13 | स. काममा दक्ष | 455 | ६५,३६५ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : Georgios Kontogiannis Private Employment & Immigration Services

पूर्व स्वीकृत मितिः २०८०/०१/०७ चलानी नं.: ६०२००५७८ LT. No.:284775 शहरः Cyprus

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 20 | स. काममा दक्ष | 314 | ४५,१०९ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख १६ गते (29 April 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

अग्नि ओभरसिज प्रा. लि.
श्रम ईजाजत नं.: ९५९/०६७/०६८
सामाखुसी-२६, टाउन प्लानिङ्ग, काठमाडौं, फोन नं. ०१-४९५०३८९, मो.: 9840411785

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७१/०८/१९ मा दर्ता भएको **प्रा.लि.नं. १२९२३६** को **मध्य पहाडी कृषि तथा पशु व्यवसायिक फार्म प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०१/०७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**छाँयानाथ रारा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**गमगढी, मुगु**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०८०/०१/०९)**

यस छायाँनाथ रारा नगरपालिकाको कार्यालय, गमगढी, मुगु बाट मिति : २०७९।१२।०२ गते तपशिल बमोजिम कार्य सम्बन्धी बोलपत्र (**Hard Copy Bid** मार्फत ) आह्वान बारे सूचना प्रकाशित भए बमोजिम पेश भएका बोलपत्रहरु मध्ये तपशिलको बोलपत्रदाता न्युनतम मुल्यांकित सारभुतरुपमा प्रभाग्राही देखिएकाले स्वीकृतिको लागि छनौट भई सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Description of Work | Contact identification No | Bidder Selected | Bid Price (Including Vat) |
|---|---|---|---|---|
| 1 | Ruga DWS Construction, Chhayanath Rara Municipality-13, ( Ruga ), Mugu. | CRM/NCB/ WORKS/ DWS/14/2079-080 | Ujjwol Nirman Sewa, Khatyad-9, Mugu. | 56,35,063.1 |

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
पाँचथर, फिदिम

**बढुवा समितिको सचिवालय पाँचथरको बढुवा सिफारिस सूचना**

**सचिवालयको सूचना**
**प्रकाशित मितिः २०८०/०१/०८**

लोकसेवा आयोग धनकुटा कार्यालय, धनकुटा मिति २०७९/१०/२५ गतेको सूचना अनुसार कार्यक्षमता मूल्याङकनद्धारा गरिने बढुवाको लागि मिति २०८०/०१/०७ मा बसको बढुवा समितिले देहायको योग्यता अनुसार उमेरद्वारलाई बढुवाको लागि सिफारिस गर्ने निर्णय भएकोले निजामती सेवा ऐन, २०४९ को दफा २४ (च) को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सूचना नं. ११३४/२०७९/०८० बढुवा सूचना नं. ३८८/२०७९/०८० कार्यक्षमताको मूल्याङकनद्धारा हुने बढुवा आर्थिक योजना तथा तथ्याङ्क सेवा, तथ्याङ्क समुह रा. प. अनं. प्रथम (प्राबिधिक) सुपरिवेक्षक ।

**कार्यक्षमता मूल्याङकनको आधारमा हुने बढुवा**

| क्र.स. | क.स.नं. | कर्मचारीको नामथर | हालको पद | बढुवा हुने पद | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १ | २३३२१५ | खगेन्द्र पौडेल | गणक | सुपरिवेक्षक | ८२.८९ |

# 'कर्णाली करिडोरको काम अगाडि बढ्छ'



**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ८ वैशाख

उपप्रधान एवम् रक्षामन्त्री पूर्णबहादुर खड्काले कर्णाली करिडोरको कामलाई अगाडि बढाइने प्रतबद्धता जनाएका छन्। शुक्रबार सुर्खेत विमानस्थलमा सञ्चारकर्मीहरुसँग कुराकानी गर्दै उपप्रधानमन्त्री खड्काले देशको अर्थतन्त्र ऋणात्मक परिस्थितिमा पुगे पनि कर्णाली करिडोरको कामलाई अगाडि बढाइने बताएका हुन् ।

उपप्रधानमन्त्री खड्काले कर्णाली करिडोरलाई प्रदेशको लाइफलाइनको रुपमा अगाडि सारिएको बताए । उनले भने, ' कर्णाली करिडोरको ४४ अर्बको डीपीआर तयार भएर अर्थ मन्त्रालयमा गएको छ । मसँगै भौतिक निर्माणमन्त्री प्रकाश ज्वाला र ऊर्जामन्त्री शक्ति बस्नेत हामी काममा जुटेका छौं ।'

उनले कर्णालीमा नेपाली सेनाको माध्यमबाट भइरहेका विकासे कामहरूको अनुगमन गरिने जानकारी दिए । भेरीगंगा, लेखबेशी र गुर्भाकोट नगरपालिकाको भूभागलाई जोडेर भेरी नदीको किनारमा व्यवस्थित, वैज्ञानिक र आकर्षक आधुनिक शहर निर्माण योजनाले साकार रुप लिएको उनले बताए । रक्षामन्त्री खड्काले भने, 'भेरीगंगा उपत्यकाको नमुना शहरको पहिलो चरणको डीपीआर तयार भयो । केही कामहरु अगाडि बढेको छ ।'

उनले निर्वाचनमा जनताका माझ राखेका प्रतिबद्धता केन्द्रमा राखेर कर्णाली प्रदेशको पर्यटकीय, भौतिक विकास, भूगोल अनुसारको रोजगारी सिर्जना गर्ने विकास आयोजनालाई पालिकासँगै संघीय सरकारको बजेट जोडेर कर्णालीको विकास गर्ने प्रतिबद्धता जनाए ।

उपप्रधानमन्त्री खड्काले कर्णाली र सुदूरपश्चिम प्रदेशको विकास गठबन्धन सरकारको प्राथमिकतामा रहेको बताए । हरेक दृष्टिकोणबाट पछि परेका यी प्रदेशको रूपान्तरण गर्न प्रधानमन्त्री पुष्पकलम दाहाल प्रचण्ड र माधव नेपालसँगै आफू सकारात्मक रहेको उनको भनाइ छ।

# तत्कालीन नापी प्रमुखसहित ८ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ वैशाख

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नापी कार्यालय चाबहिलका तत्कालीन प्रमुख नापी अधिकृत दुर्गादास महर्जनसहित ८ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

जग्गा कित्ताकाट गर्दा अनधिकृतरुपमा नक्सा परिवर्तन गरी ट्रायल चेकबाट क्षेत्रफलमा बढ कायम गर्ने र सोहीबमोजिमको राजीनामा लिखत पारित गरी गलत लिखत तयार गरेको आरोपमा तत्कालीन प्रमुख नापी अधिकृत महर्जनसहित ८ जनाविरुद्ध शुक्रबार विशेष अदालत काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर गरिएको अख्तियारले जानकारी दिएको छ ।

नापी कार्यालय चाबहिलका तत्कालीन प्रमुख नापी अधिकृत महर्जनसहित, नापी अधिकृत रवि शंकर पाण्डेय र सर्भेक्षक रामनारायण यादव, मालपोत कार्यालय, चाबहिल, काठमाडौंका तत्कालीन मालपोत अधिकृत विष्णुप्रसाद काफ्ले र नायव सुब्बा उत्तम कुँवर, झापाको कमल गाउँपालिका वडा नं. २ का योगेन्द्र आचार्य, काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ९ का सिताराम अधिकारी र काठमाडौं महानगरपालिका वडा नं. ९ का नविन दाहालविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरिएको हो ।

अख्तियारले महर्जन, पाण्डेय र यादवले मूलपानी १ ख कि.नं. ७०८, ७०९, ६६६ र ८१३ को कित्ताकाट गर्ने क्रममा सरकारी कागजातको रुपमा चिनिने नक्सामा अनाधिकृतरुपमा कित्ताहरुको आकारप्रकार परिवर्तन गरी नक्सा सच्याएको दाबी गरेको छ ।

मालपोत चाबहिलका तत्कालीन मालपोत अधिकृत काफ्ले र नायव सुब्बा कुँवर तथा झापाको कमल गाउँपालिका-२ का आचार्य, काठमाडौं कागेश्वरी मनोहरा-९ का अधिकारी र काठमाडौं महानगरपालिका -९ का दाहालको पनि उक्त कार्यमा संलग्नता रहेको अख्तियारको दाबी छ । अख्तियारका प्रवक्ता भोला दाहालका अनुसार उनीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम मुख्य कसुरदारलाई हुने सजाय सरह सजाय हुन मागदाबी लिइएको छ ।

# हुम्लामा समयमै पुग्यो पाठ्यपुस्तक

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, ८ वैशाख

हिमाली जिल्ला हुम्लाको दक्षिणी क्षेत्रमा पर्ने चार वटा गाउँपालिकामा यस वर्ष समयमै पाठ्यपुस्तक पुगेको छ। यस्तै उत्तरी हुम्लाका तीन वटा गाउँपालिकामा पनि पुस्तक आउने क्रम शुरु भएको छ ।

हवाई मार्गबाट ढुवानी गर्न समस्या भएपछि नेपालगञ्जबाट सलीसल्ला हुँदै स्याल्तडीससम्म गाडीमा ढुवानी गरिएका पुस्तक त्यसयता भने खच्चडमा ढुवानी गरेर सदरमुकाम सिमकोट ल्याउन शुरु गरिएको हो ।

सिमकोटस्थित रोकाया पुस्तक पसलका सञ्चालक ज्ञानबहादुर रोकायाले यस वर्षका लागि नाम्खा सिमकोट र खार्पुनाथ गाउँपालिकाका ५८ वटा विद्यालयका लागि कक्षा ६ देखि १० सम्मका पाठ्यपुस्तक सदरमुकाम सिमकोट आउने क्रम शुरु भएको जानकारी दिए ।

नेपालगञ्जबाट ८० क्वीन्टल पुस्तक हुम्लाको सर्केगार्ड गाउँपालिका-६ को स्याल्तडीमा आइपुगेको र त्यहाँबाट भने खच्चडमा ढुवानी गरेर सिमकोट ल्याउन शुरु भएको उनले बताए ।

हालसम्म ३५ खच्चडमा ढुवानी भएर केही पुस्तक आइसकेका छन् । पानी परेका कारण पुस्तक ढुवानीमा समस्या भइरहेको रोकायाको भनाइ छ ।

खार्पुनाथ गाउँपालिका बाटोमै पर्ने भएकाले गाउँपालिका केन्द्र याङ्चुमै पुस्तक छोड्ने तथा सिमकोट र नाम्खा गाउँपालिकाका लागि सिमकोटबाट वितरण गरिने भएको छ । तीन-चार दिनमा सबै पुस्तक गाउँपालिका र सदरमुकाम सिमकोट आइपुग्ने र त्यसपछि विद्यालयलाई बिक्री शुरु गरिने रोकायाले जानकारी दिए ।

उत्तरी क्षेत्रका सिमकोट, खार्पुनाथ र नाम्खा गाउँपालिकामा रहेका सामुदायिक विद्यालयका लागि पाठ्यपुस्तक रोकाया पुस्तक पसलले शनिबार केन्द्रको प्रादेशिक कार्यालय नेपालगञ्जबाट गाडीबाट ढुवानी गरेको थियो । सो क्षेत्रमा हवाई मार्गमार्फत ढुवानी गर्दा जहाजले समयमा ढुवानी नगर्ने भएका कारण पैदल मार्गमार्फत ढुवानी गरिएको हो ।


**मोटरसाईकल हरायो**

मिति २०७९/११/२९ गते बेलुका ११:५५ बजे काँगेश्वरी मनहरा.न.पा. वडा. नं ४ नयापाटी ब्लक कारखानामा पार्किङ गरेको दर्ता नं. बाग्मती प्रदेश ०२-०३६प ७६५४ को कालो रातो रङ्गको 220cc पल्सर मोटरसाईकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

सवारी धनी : दिल कुमार मगर
ईन्जिन नं : DKXCNK 35155
च्यासिस नम्बर : MD2A13EXZHCK 81386
बाइक नं. : बा.प्र.-०२ ०३६ प ७६५४
सम्पर्क नम्बर : ९८६१०४०५६१
ठेगाना : सत्तेरझोरा-०७, सुनसरी



## युएईमा रोजगार | कम्पनी : ABLE SECURITY SERVICES, शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/०१/०७ चलानी नं.: ६०२००५१४ LT. No.:285132

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 15 | 5 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Commercial Sales Representative | 1 | 2 | | 1000 | ३५,७१० | | | | | | | |
| 3. | Follow Up Clerk | 1 | 0 | | 1000 | ३५,७१० | | | | | | | |
| 4. | Security Guard | 30 | 2 | | 1500 | ५३,५६५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख १६ गते (29 April 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**H.M.T. Overseas Pvt. Ltd.** Govt. Lic. No. 1429/074/075
Tinkune, Kathmandu, Tel.: 01-4111301 | Mob.: 9803515104,9816332223,9808466028, 9869317171,9862504026,9816731487,9828588725,9823645075



## कुवेतमा रोजगारको अवसर | कम्पनी: SHAIKHA ALAZMI BEAUTY SALON, शहर: Kuwait

पूर्व स्वीकृत मितिः २०७९/०६/०९ चलानी नं.: ६०१८८२८७ L.T. No.: 272567 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician (Hair & Shoulder Massage) | 5 | सम्बन्धित काममा दक्ष | 170 | ७२,७५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Beautician (Manicure & Pedicure) | 8 | | 150 | ६४,१९४ | | | | | | | |
| 3. | Beautician (Stylish Hair Cut) | 6 | | 160 | ६८,४७३ | | | | | | | |
| 4. | Body Wash | 5 | | 130 | ५५,६३४ | | | | | | | |
| 5. | Eyelashes Fixer | 4 | | 150 | ६४,१९४ | | | | | | | |
| 6. | Office Cleaner | 3 | | 120 | ५१,३५५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०८० बैशाख १६ गते (29 April 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

DHR Gov. lic. No. 789/065/66
**Destiny Human Resource Nepal Pvt. Ltd.**
G.P.O. Box: 8975 EPC 5444, Kathmandu, Nepal
Tel.: 01-5104632/01-5104634, Email: destinykuwait3@gmail.com
Fax : 4111890 Mobile No: 9823599811



## युएईमा रोजगार | कम्पनी: MSSL MIDEAST (FZE), शहर: UAE,SHARJAH

पुर्व स्वीकृत मितिः २०७८/१०/१३ चलानी नं.:६०१७३४९२ LT. No.: 257013 पुनःविज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Helper | 37 | 151 | स. काममा दक्ष | 800 | २८,५६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख १६ गते (29 April 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Dynamic Sales & Services (P) Ltd.** श्रम इजाजत नं. १०९/०५४/०५५
Post Box No. 2012, Tokha 7 Basundhara Chauki, Kathmandu, Nepal
Phone: 00977-1- 4354614,4356831, 4356625
E-mail: info@dssnepal.com, Website: www. dssnepal.com



## कुवेतमा रोजगार | कम्पनी: MAJESTY BUILDING & ROAD CLEANING CONT CO., शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०८०/०१/०८ चलानी नं.: ६०२००५३७ L.T. No.: 285149

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 19 | स. काममा दक्ष | 100 | ४२,७९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: AYS INTERNATIONAL GENERAL TRADING CO. शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/०१/०८ चलानी नं.: ६०२००५३८ L.T. No.: 285158

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 10 | 0 | सम्बन्धित काममा दक्ष | 135 | ५७,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gypsum Board Worker | 2 | 0 | | 135 | ५७,७७५ | | | | | | | |
| 3. | Labour | 5 | 0 | | 100 | ४२,७९६ | | | | | | | |
| 4. | Painter | 2 | 0 | | 135 | ५७,७७५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख १६ गते (29 April 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**DEEP JYOTI MANPOWER SERVICE PVT. LTD** श्रम इजाजत नं. ११३६/०७३/०७४
Sinamangal-9 (Near Prakash Ashram), Kathmandu, Tel: 01-4492910, Mob: 9844323964, 9808046424 Fax: 4490678
Email: deepjyotimanpower1136@gmail.com, info@deepjyotimanpower.com.np, Web.: www.deepjyotimanpower.com.np



## कतारमा रोजगार | कम्पनी: TURNKEY TRADING CONTRACTING, शहर: Doha

पूर्व स्वीकृत मितिः २०७९/११/१९ चलानी नं.: ६०१९७४८२ L.T. No.: 282060 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 38 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,०६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electric | 20 | 0 | | 1200 | ४३,०६८ | | | | | | | |
| 3. | Heavy Equipment Driver | 2 | 0 | | 3000 | १,०७,६७० | | | | | | | |
| 4. | MASON | 10 | 0 | | 1200 | ४३,०६८ | | | | | | | |
| 5. | REINFORCE FITTER | 10 | 0 | | 1200 | ४३,०६८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख १६ गते (29 April 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**QATAR INTERNATIONAL MANPOWER PVT. LTD.** 2022
Gov. Lic. No. 1578/079/80
Tokha-05, Basundhara, Kathmandu
Ph. No.: 01-5914971, Mobile : 9849664971
E-mail: info@qim.com.np
Website: www.qim.com.np



## मलेसियामा रोजगार | कम्पनी : GLOBAL SMARTPACK SDN BHD, शहर : JALAN

पूर्व स्वीकृत मितिः २०८०/०१/०७ चलानी नं.: ६०२००४९३ LT. No.: 285146

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 4 | 1 | स. काममा दक्ष | 1500 | ४४,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख १६ गते (29 April 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**ALON OVERSEAS PVT. LTD.** Govt. Lic. No. 1464/074/075
Sinamangal-9, Kathmandu, Tel : 4482413, 4497053
Email: alonoverseas2018@gmail.com | Website: www.alonoverseas.com



